आज मिती २०८२ साल पौष ११ गते शुक्रबारका दिन विहान ८:१५ बजे यस परोहा नगरपालिका का नगर प्रमुख श्री शेख वकिल ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक तपसिलका पदाधिकारीहरु तथा सरोकारवालाहरुको उपस्थितिमा बसियो।

उपस्थिती

| | |
|---|---|
| १ श्री शेख वकिल | - नगर प्रमुख |
| २ श्री सुगन्धी गिरी | - नगर उप प्रमुख |
| ३ शेख समिउल्ला | - वडा अध्यक्ष बडा नं. १ |
| ४ श्री सेराजुदिन | - बडा अध्यक्ष वडा नं. २ |
| ५ श्री महेश सिंह | - वडा अध्यक्ष वडा नं. ३ |
| ६ श्री जवाहरलाल राय यादव | - वडा अध्यक्ष वडा नं. ४ |
| ७ श्री महमद सजिम अंसारी | - वडा अध्यक्ष वडा नं. ५ |
| ८ श्री रामविलास प्रसाद जैसवार | - वडा अध्यक्ष वडा नं. ६ |
| ९ श्री नागेन्द्र प्रसाद | - वडा अध्यक्ष वडा नं. ७ |
| १० श्री खेदु मुखिया | - वडा अध्यक्ष वडा नं. ८ |
| ११ श्री मो.कफिल अन्जुम | - वडा अध्यक्ष वडा नं. ९ |
| १२ श्री विशेष पासवान | - का.पा. सदस्य |
| १३ श्री राकेश कुमार ठाकुर | - का.पा. सदस्य |
| १४ श्री बचिया देवी | - का.पा.सदस्य |
| १५ श्री रामापति देवि पासवान | - का.पा. सदस्य |
| १६ श्री ईन्दु देवी | - का.पा. सदस्य |
| १७ श्री मिना देवी साह | - का.पा. सदस्य |
| १८ श्री राजबती देवी | - का.पा. सदस्य |
| १९ श्री हसिना खातुन | - का.पा. सदस्य |
| २० श्री मो.महफुज अहमद | - प्र.प्र.अधिकृत |
| २१ श्री अब्दुल रब अंसारी | - नासु |

प्रस्ताव नं.(१) विधालय सुपरिवेक्षण, अनुगमन तथा शिक्षक पेशागत सहयोग कार्यविधि,२०८२ स्वीकृत गर्ने सम्बन्धमा।

प्रस्ताव नं.(२) ल्याब टेक्निसियनको तलब सम्बन्धमा।

निर्णय - प्रस्ताव नं.(१) माथी छलफल गर्दा यस नगरपालिकाको विधालय सुपरिवेक्षण, अनुगमन तथा शिक्षक पेशागत सहयोग कार्यविधि,२०८२ लाई सर्व सहमतिले स्वीकृत गरियो।

**निर्णय** – प्रस्ताव नं.(२) माथी छलफल गर्दा यस परोहा नगर अस्पतालमा मिति २०७९/०२/०५ गते देखी करार सेवामा कार्यरत रहि कामकाज गर्दै सेवा सुविधा पाउदै आएका ल्याव टेक्निसियन ( सहायक स्तर पाँचौ) लाई प्रदेश जनस्वास्थ्य प्रयोगशाला जनकपुरधान धनुषाको च.नं.५६६ मिति २०७९/१०/१५ को पत्रानुसार मधेश प्रदेशको १३६ पालिकाहरुमा प्रदेश निदान केन्द्र ( प्रयोगशाला) संचालन कार्यक्रम अन्तर्गत यस पालिकाको ल्याव टेक्निसियनलाई मिति २०७९/१०/१५ गते देखी प्रदेश जनस्वास्थ्य प्रयोगशाला जनकपुरबाट तलब भुक्तानी हुँदै आएकोमा मिति २०८२ साल श्रावण देखी हाल सम्म तलब भुक्तानी नभएकोले अब उपरान्त ल्याव टक्निसियन सुनिल प्रसाद कुशवाहाको सेवा सुविधा मिति २०८२ साल श्रावण देखी नै यस परोहा नगरपालिकाबाट उपलब्ध गराउने निर्णय सर्व सहमतिले गरियो।